**यो आकाशवाणी हो।** **Sunday..09-08-26**

**मुख्य समाचार**

- प्रधानमन्त्रीले भारत छोडो आन्दोलनमा सहभागी भएका सम्पूर्ण स्वतन्त्रता सेनानी तथा आन्दोलनकारीहरूप्रति अर्पण गर्नुभयो , श्रद्धाञ्जली
- उपराष्ट्रपतिले 'हर घर तिरंगा अभियान'अन्तर्गत अन्डमान तथा निकोबार द्वीप समूहको राजधानीस्थित **फ्ल्याग पोइन्टमा** फहराउनुभयो राष्ट्रिय झन्डा
- गृह मन्त्रीले **Gori-medu** स्थित प्रहरी प्रशिक्षण विद्यालयको मैदानमा आयोजित समारोहमा पुदुचेरी प्रहरीलाई राष्ट्रपति प्रहरी ध्वज प्रदान गर्नुभयो , अनि
- रक्षा मन्त्रीले अपरेसन सिन्दूरले विश्वलाई भारत आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्न जुनसुकै हदसम्म जान सक्ने र देशका महिलाहरूको शिरको सिन्दूरको रक्षा गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट सन्देश दिएको बताउनुभएको छ।

**प्रधानमन्त्री–भारत छोडो आन्दोलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत छोडो आन्दोलनमा सहभागी भएका सम्पूर्ण स्वतन्त्रता सेनानी तथा आन्दोलनकारीहरूप्रति आज श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमार्फत् श्री मोदीले ती वीरहरूको साहस सधैँ प्रत्येक भारतीयका लागि प्रेरणाको स्रोत बनिरहने बताउनुभएको छ। प्रधानमन्त्रीले महात्मा गान्धीको नेतृत्वबाट प्रेरित भारत छोडो आन्दोलनको आह्वानले देशको स्वतन्त्रता सङ्ग्राममा नयाँ ऊर्जा सञ्चार गरेको उल्लेख गर्नुभएको छ।

**उपराष्ट्रपति– 'हर घर तिरंगा' अभियान**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज 'हर घर तिरंगा अभियान'अन्तर्गत अन्डमान तथा निकोबार द्वीप समूहको राजधानी श्री विजयपुरम-स्थित **फ्ल्याग पोइन्टमा** राष्ट्रिय झन्डा फहराउनुभयो। यस अवसरमा उहाँले वीर स्वतन्त्रता सेनानीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। उपराष्ट्रपतिले डा. बी. आर. अम्बेडकर प्राविधिक संस्थानको **सभागार-मा** आयोजित राजकीय समारोह **'वन्द□ मातरम् पर तिरंगा संगीत कार्यक्रम'मा** पनि सहभागिता जनाउनुभयो। आफ्नो सम्बोधनमा उप-राष्ट्रपति राधाकृष्णनले भारतको स्वतन्त्रता सङ्ग्राम सँग जोडिएको अन्डमान तथा निकोबार द्वीप समूहको गौरवशाली इतिहासको स्मरण गर्नुभयो। उहाँले यो त्यही भूमि भएको बताउनुभयो, जहाँ स्वतन्त्रता सेनानीहरूले देशको स्वतन्त्रताका लागि भीषण यातना र अकल्पनीय कष्ट सहनुपरेको थियो।

**आन्ध्र प्रदेशका मुख्यमन्त्री–राष्ट्र निर्माण**

आन्ध्र प्रदेशका मुख्यमन्त्री **एन. चन्द्रबाबु नायडू-ल**राज्य तथा देशको विकासमा प्रत्येक नागरिकको सहभागिता सुनिश्चित गर्न पन्ध्र अगस्तदेखि **'राष्ट्र निर्माणमा भागीदार'** कार्यक्रम सुरु गर्न आह्वान गर्नुभएको छ। हिजो राति अमरावती स्थित आफ्नो कार्यालयमा कार्यक्रमको समीक्षा गर्दै मुख्यमन्त्री नायडूले यसलाई जन-आन्दोलनको रूप दिन अधिकारीहरूलाई निर्देशन दिनुभयो। उहाँले कार्यक्रमअन्तर्गत तेह्रदेखि पन्ध्र अगस्तसम्म आफ्ना घरमा राष्ट्रिय झण्डा फहराउन र 'मेरो राष्ट्र, राष्ट्र सर्वोपरि' भन्ने भावनालाई प्रवर्द्धन गर्न जनतालाई आह्वान गर्नुभयो। मुख्यमन्त्री नायडूले राज्य तथा देशको भविष्य निर्माणमा युवा र विद्यार्थीहरूको सहभागिता आवश्यक रहेकोमा जोड दिनुभयो।

**अमित शाह–पुदुचरी**

गृहमन्त्री अमित शाहले मोदी सरकारले **औप-निवशिकालीन** कानुनको स्थानमा ल्याएका तीन नयाँ आपराधिक कानुन - प्रविधि, समयबद्धता र विश्वास गरी तीन महत्वपूर्ण स्तम्भमा आधारित रहेको बताउनुभएको छ। उहाँले नयाँ कानुनको उद्देश्य प्रविधिमा आधारित र समयबद्ध प्रणालीमार्फत नागरिकलाई न्याय सुनिश्चित गर्नु रहेको बताउनुभयो। श्री शाहले **Gori-medu** -स्थित प्रहरी प्रशिक्षण विद्यालयको मैदानमा आयोजित समारोहमा पुदुचेरी प्रहरीलाई राष्ट्रपति प्रहरी ध्वज प्रदान गर्नुभयो। उहाँले राष्ट्रपति प्रहरी ध्वज प्राप्त गर्नु कुनै पनि अनुशासित प्रहरी बलका लागि गौरवको क्षण भएको बताउनुभयो। पुदुचेरी प्रहरीमा पाँच हजारभन्दा कम कर्मचारी भए पनि पुदुचेरीको सुरक्षा, आन्तरिक शान्ति तथा यसको सम्मान र गरिमा कायम राख्ने महत्वपूर्ण जिम्मेवारी रहेको उहाँले बताउनुभयो।

**सिन्दूर महरक्तदान यात्रा**

रक्षा मन्त्री राजनाथ सिंहले आज अपरेसन सिन्दूरले विश्वलाई भारत आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्न जुनसुकै हदसम्म जान सक्ने र देशका महिलाहरूको शिरको सिन्दूरको रक्षा गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट सन्देश दिएको बताउनुभएको छ। उहाँले नयाँ दिल्लीस्थित **बस अस्पताल-मा** आयोजित **सिन्दूर महरक्तदान** यात्राअन्तर्गतको रक्तदान शिविरको उद्घाटनका अवसरमा बताउनुभएको हो। श्री सिंहले भारतीय रक्षा बलको प्रशंसा गर्दै उनीहरूले पाकिस्तानमा रहेका आतङ्ककारी तथा उनीहरूका संरक्षकहरूलाई समाप्त गरेको र भारतमाथि नराम्रो नजर राख्नेहरूले गम्भीर परिणाम भोग्नुपरेको बताउनुभयो। सिन्दूर महरक्तदान यात्राको उल्लेख गर्दै रक्षा मन्त्रीले अपरेसन सिन्दूरले भारतको शौर्य प्रदर्शन गरेको र विशाल रक्तदान शिविरले करुणा तथा संवेदनशीलताको प्रतीक प्रस्तुत गरेको बताउनुभयो। उहाँले शिविरमा महाराष्ट्रका करिब एक हजार पहलवान तथा खेलाडीहरूले रक्तदान गरेको जानकारी दिनुभयो।

**जैव विविधता–एबीएस कोष**

राष्ट्रिय जैव विविधता प्राधिकरण–एन.बीए.ले तेत्तीस राज्य जैव विविधता बोर्ड, केन्द्र शासित प्रदेशका जैव विविधता परिषद् तथा राष्ट्रिय संस्थानहरूलाई अभिगमन तथा लाभ साझेदारीअन्तर्गत तीन करोड रुपैयाँभन्दा बढी रकम वितरण गरेको छ। पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयले जनाए अनुसार, यो रकम भारतको कृषि तथा पशुपालन क्षेत्रको जैव विविधता संरक्षणका लागि समेत प्रयोग गरिनेछ। मन्त्रालयले प्रत्येक वितरणले जैव विविधता संरक्षण, वैज्ञानिक अनुसन्धान तथा भारतका समृद्ध जैविक स्रोतहरूको संरक्षणमा संलग्न समुदायहरूको जीविकोपार्जन बीचको सम्बन्धलाई अझ सुदृढ बनाउने बताएको छ।

**प्रह्लाद जोशीद्वारा समीक्षा बैठक**

केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरणमन्त्री प्रह्लाद जोशीले खाद्य तथा सार्वजनिक वितरण विभागका सचिव एवं वरिष्ठ अधिकारीहरूसँग समीक्षा बैठक गर्नुभएको छ। बैठकमा चालु चिनी उत्पादन मौसमका लागि चिनीको भण्डारको अवस्था, उत्पादन तथा आवश्यकताको विस्तृत समीक्षा गरिएको थियो। श्री जोशीले चिनीको पर्याप्त भण्डार कायम राख्न यसको उपलब्धताको नियमित तथा सघन अनुगमन गर्न र आवश्यकता अनुसार समय–समयमा उचित कदम चाल्न अधिकारीहरूलाई निर्देशन दिनुभयो। उहाँले सम्पूर्ण चिनी उत्पादन मौसमभरि चिनीको स्थायी तथा पर्याप्त आपूर्ति सुनिश्चित गर्न विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

**राष्ट्रिय अनुसन्धान एजन्सी–एनआईए**

राष्ट्रिय अनुसन्धान एजेन्सी–एन.आई.ए-ले केरलको मलप्पुरम-मा जफत गरिएको अवैध विस्फोटक पदार्थको ठूलो परिमाण सम्बन्धी मामिलामा थप एक जना आरोपीलाई पक्राउ गरेको छ। एजेन्सीका अनुसार आरोपीलाई हिजो मलप्पुरम जिल्लाको मञ्जेरीबाट पक्राउ गरिएको हो। एन.आई.ए-ले आरोपी यस मामिलाका मुख्य षड्यन्त्रकारी रहेको र जफत गरिएका विस्फोटक पदार्थको अवैध खरिदमा

संलग्न रहेको जनाएको छ। यो गिरफ्तारी एन.आई.ए-ले शुक्रबार कर्नाटकको विजयपुराबाट थप तीन जना आरोपीलाई पक्राउ गरेको एक दिनपछि भएको हो।

**अनत्यमा मुख्य फेरि एकपल्ट**

- प्रधानमन्त्रीले भारत छोडो आन्दोलनमा सहभागी भएका सम्पूर्ण स्वतन्त्रता सेनानी तथा आन्दोलनकारीहरूप्रति अर्पण गर्नुभयो , श्रद्धाञ्जली
- उपराष्ट्रपतिले 'हर घर तिरंगा अभियान'अन्तर्गत अन्डमान तथा निकोबार द्वीप समूहको राजधानीस्थित **फ्ल्याग पोइन्टमा** फहराउनुभयो राष्ट्रिय झन्डा
- गृह मन्त्रीले **Gori-medu** स्थित प्रहरी प्रशिक्षण विद्यालयको मैदानमा आयोजित समारोहमा पुदुचेरी प्रहरीलाई राष्ट्रपति प्रहरी ध्वज प्रदान गर्नुभयो , अनि
- रक्षा मन्त्रीले अपरेसन सिन्दूरले विश्वलाई भारत आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्न जुनसुकै हदसम्म जान सक्ने र देशका महिलाहरूको शिरको सिन्दूरको रक्षा गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट सन्देश दिएको बताउनुभएको छ।